# नेपाल वित्तीय संस्था संघ
# १८ औं बार्षिक साधारण सभाको विवरण (माइन्यूट)
# आ.व. २०६९/७०

१. **<u>बैधानिक सभा :</u>**

नेपाल वित्तीय संस्था संघको १८ औं बार्षिक साधारण सभा संघको अध्यक्ष, राजेन्द्रमान शाक्यको सभापतित्वमा निम्नलिखित स्थान मिति र समयमा बस्यो र सो को काम, कार्यवाही एवं निर्णयहरुको विवरण (माइन्यूट) देहाय वमोजिम रहेको छ :

२. **<u>सभाको स्थान मिति र समय</u>** :

स्थान : अतिथि रिसोर्ट एण्ड स्पा, लेकसाइड, पोखरा, कास्की ।

मिति : २०७० साल चैत्र ०१ गते शनिबार ।

समय : बिहान ०९:०० वजे ।

३. **<u>सभाको सूचना प्रकाशन</u>** :

संघको कार्यसमितिको मिति २०७०/११/०८ मा वसेको वैठकको निर्णयानुसार १८ औं बार्षिक साधारण सभाको सूचना नागरिक (दैनिक) मा २०७०/११/१२ मा प्रकासित गरिएको थियो ।

४. **<u>सभाको बिषय सुचिहरु</u>** :

१. अध्यक्षवाट स्वागत मन्तव्य ।

२. महासचिववाट कार्यसमितिको तर्फवाट बार्षिक प्रतिवेदन प्रस्तुत ।

३. कोषाध्यक्षबाट आ.व.२०६९/७० को वासलात, नाफा नोक्सान तथा लेखापरीक्षकको प्रतिवेदन प्रस्तुत ।

४. आ.व.२०७०/७१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. विविध ।

६. उपाध्यक्षबाट धन्यवाद ज्ञापन ।

५. **<u>सभामा उपस्थित पदाधिकारी एवं सदस्यहरु</u>** :

| | | |
|---|---|---|
| १. | श्री राजेन्द्रमान शाक्य, | अध्यक्ष, |
| २. | श्री सरोजकाजी तुलाधर, | उपाध्यक्ष, |
| ३. | श्री राजीव पोखरेल, | महासचिव, |
| ४. | श्री मनवाहिङ्ग राई, | कोषाध्यक्ष, |
| ५. | श्री रेशमबहादुर थापा, | सदस्य, |
| ६. | श्री समाजप्रकाश श्रेष्ठ, | सदस्य, |
| ७. | श्री सुनिल नारायण श्रेष्ठ, | सदस्य, |
| ८. | श्री अनिल श्रेष्ठ, | सदस्य, |
| ९. | श्री बुद्धि मल्ल, | सदस्य, |
| १०. | श्री भोलाप्रसाद पाठक, | सदस्य, |
| ११. | श्री राजमोहन कर्माचार्य, | सदस्य, |

६. **<u>सभाको बैधानिकता</u> :**

संघको सदस्य संख्या ५७ मध्ये ३० वित्तीय संस्थाहरुबाट प्रतिनिधित्व भएकोले संघको विधान वमोजिम सभाको गणपुरक संख्या पुगेको हुंदा सभाले वैधानिकता पाएको

व्यहोरा अध्यक्षले सभालाई जानकारी गराए पश्चात संघका अध्यक्ष, राजेन्द्रमान शाक्यको सभापतित्वमा सभा संचालन भयो ।

७. **<u>अध्यक्ष राजेन्द्रमान शाक्यवाट स्वागत मन्तव्य:</u>**

नेपाल वित्तीय संस्था संघको १८ औं साधारण सभामा उपस्थित सम्पूर्ण सदस्य संस्थाको प्रतिनिधित्व गरि आउनु भएका संस्थाका कार्यकारी प्रमुखज्यूहरु लगायत पाहुनाहरुलाई अध्यक्ष राजेन्द्रमान शाक्यले स्वागत गर्नु भएको थियो । स्वागत मन्तव्य दिने क्रममा संघको सदस्य संस्थाहरु ८८ वटा वाट गत वर्ष ६४ हुदै यस वर्ष ५७ मा सिमित रहेको र केहि सदस्य संस्थाहरु एक आपसमा मर्जमा जाने प्रकृयामा रहेको हुंदा आउदा दिनमा अझ घट्ने छ भन्नु भयो । मर्ज आफैमा भन्न जति सजिलो छ त्यति सहज नभएको, समस्यावाट जोगिने र उम्किने उद्देश्यले पनि कतिपय संस्था मर्ज भएका र त्यसवाट कुनै ठोस प्रतिफल नआएको हुंदा मर्जमा जानु अघि अत्यन्त शुक्ष्म अध्ययन गरी एक आपसमा विश्वास गरी यो मेरो त्यो तेरो भन्ने भावना नराखी कुनै कुरामा आसक्तता नदेखाई स्वतन्त्र रुपमा संस्था चल्न सक्ने वातावरण हुने विश्वास भएपछि मात्र मर्जमा जान सल्लाह दिनु हुदै आफ्ना अनुभवहरु पनि सुनाउनु भयो ।

वर्ष भरी वित्त कम्पनीहरुले कहिले तरलताको अभाव र कहिले अधिक तरलताको वोझ खेपी रहनु परेको वारे पनि भन्नु भयो । संघले एक वर्ष विराएर काठमाडौं वाहिर साधारण सभा गर्नु परेको वारेमा प्रकासपार्दै उपत्यका वाहिर साधारण सभा गर्न आउदा सदस्य साथीहरु एक रात एक दिन सगै वसी आफ्ना भावना र समस्याहरु एक आपसमा साटफेर गर्न पाउने सोहाद्रता बढ्ने, एक अर्कालाई नजिकवाट चिन्ने अवसर प्राप्त हुने जुन काठमाडौंमा वस्दा हुने गर्दैन, साथै आन्तरिक पर्यटकमा समेत टेवा पुग्ने हुन्छ भन्नु भयो । सभामा सदस्य वित्तीय संस्थाहरुको उत्साहजनक सहभागिता आउदा दिनमा पनि नियमित हुने आशा गर्दै धन्यवाद सहित स्वागत मन्तव्य टुंग्याउनु भएको थियो ।

८. **<u>महासचिव राजीव पोखरेलवाट वार्षिक प्रतिवेदन प्रस्तुत:</u>**

महासचिवले वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने क्रममा संघ हामी सवैको साझा मञ्च भएको र सवैको हकहितको लागि दवाव दिने कार्य हिजो पनि गर्दै आएका थियौ र भोली पनि गर्दै जानेछौ भन्नु भयो । चुनाव पश्चात नयां निर्वाचित सरकार गठन भएको कारण शेयर बजार परिसुचकमा आएको बृद्धिले गर्दा वित्तीय संस्थाहरुलाई केहि राहत भएको तर घरजग्गा कारोवारमा आशा गरेनुसार नभएको कुरा वताउनु हुदै संघले वर्ष भरि गरे गरायका कार्य प्रगतिबारे बिस्तृत विवरण सभामा राख्नु भयो ।

९. कोषाध्यक्ष मनवाहिङ्ग राईले आ.व. ०६९/७० को वासलात, नाफा नोक्सान तथा लेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

१०. **<u>महासचिव एवं कोषाध्यक्षले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन एवं लेखापरीक्षण प्रतिवेदन छलफलको लागि प्रस्तुत भए पश्चात सदस्यहरुवाट आएका राय, सुझाव सल्लाहहरु:</u>**

१०.१. **<u>भरतराज वस्ती, प्रमुख कार्यकारी अधिकृत, एनआईडीसी क्यापिटल मार्केटस् लि.</u>**

संघले नियमन निकायमा वित्तीय संस्थाहरुलाई परेको समस्याहरु पुर्‍याउने र समाधान गर्ने तर्फ प्रयास गरेको देखिन्छ । वर्षमा आइपर्ने समस्याहरु कसरी समाधान

गरिरहेका छौ वा गर्ने छौ भन्ने विषयमा वर्षमा १/२ पटक अन्तरक्रिया, सेमिनार, वर्कसप गर्ने वातावरण मिलाउनु पर्‍यो ।

१०.२. **अजय मिश्र, प्रमुख कार्यकारी अधिकृत, प्रुडेन्सीयल फाइनान्स कम्पनी लि.**

बारा र काभ्रेवाट Blue Print, Trace नक्कली आउने गरेको हुंदा उक्त क्षेत्रमा लगानी गर्दा सचेत भई ऋण प्रवाह गर्न सुझाव दिनु भयो । वाणिज्य बैंकवाट ल्याएको रु.१०००/- को नोटको वण्डलमा रु.५००/- को या नक्कली १०००/- को नोट पाइएको विषयमा स्मरण गराउनु भयो ।

१०.३. **झनकराज ढुंगेल, महाप्रवन्धक, प्रोगेशिभ फाइनान्स लि.**

Valuation डोल क्षेत्र Blue Print नक्कली कागजातमा CEO को दायित्व कति छ? राम्रो हुदा त ठिकै छ खराव भयो भने समस्या आइपर्छ । यस्तै २/३ वर्ष अघि ८ आना जग्गा Valuation भएकोमा घटेर ४ आना भयो जस्ता समस्या आएका छन् यस्मा CEO को रोल कति छ त?

१०.४. **नरेशसिंह वोहरा, प्रमुख कार्यकारी अधिकृत, नारायणी नेशनल फाइनान्स लि.**

Blue Print/ Trace/ Valuation को विषयमा हामी आफैले राम्रो संगले हेरेर त्यसको निराकरण गर्न सक्नु पर्दछ । Over Draft गर्न नपाउने भनी कहि परिभाषा नगरेको हुंदा यस विषयमा स्पष्ट हुनु पर्‍यो । Revolving चाहीं गर्न पाउनु पर्दछ ।

१०.५. **चिन्तामणि भट्टराई, प्रवन्ध संचालक, लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लि.**

औषत वित्तीय संस्थाहरुले मर्जमा जाने निर्णय गरेको पाइन्छ । मर्ज हुदै जादा १० वटा वित्तीय संस्था मात्र वाकी रह्यो भने संघलाई निरन्तरता दिने नदिने यस्मा संघको Role को विषयमा पनि सोच्नु पर्दछ ।

१०.६. **अनिल ढुंगेल, प्रमुख कार्यकारी अधिकृत, इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कम्पनी लि.**

वित्तीय संस्थाहरुले पूंजी वढाएर केहि काम छैन । भएकै पूंजी ठिक छ पूंजी नै वढाउने हो भने "ख" या "क" क्लास वन्न सक्नु पर्दछ ।

११. **अध्यक्ष राजेन्द्रमान शाक्यवाट छलफलमा उठेका प्रश्नहरु र जिज्ञासाको प्रतिउत्तर:**

वित्तीय कारोवार आफैमा अत्यन्त जोखिमपूर्ण व्यवसाय हो । यस्मा असल नियत र खराव नियत भएका जोकोहीको पनि विभिन्न रुपमा प्रवेश हुन्छ । अत: नक्कली जग्गा, नक्कली नोट जस्ता कुरा हामी आफैले अत्यन्त सचेत र चनाखो भई अरुको भर नपरि आफैले हेर्नु पर्दछ । संस्था भित्र जति पनि राम्रा नराम्रा कामको जिम्मेवारी CEO ले बोक्नु पर्ने हुन्छ । जहासम्म तेश्रो व्यक्तीले गरेको बदमासीलाई CEO को जिम्मेवारी कति हुन्छ भन्ने सवाल छ यो अत्यन्त संवेदनशिल छ । भए गरेका बदमासीलाई अनुसन्धानवाट निर्क्योल गर्ने कुरा हो । अत: CEO ले आफ्नो अधिकार प्रत्यायोजन गर्दा धेरै सोच्नु पर्ने हुन्छ ।

मर्ज हुदै गई १/२ वटा मात्र वित्तीय संस्था बाकी रहे पनि संघ रहि रहनु पर्दछ। नीति निर्देशनमा Over Draft र Revolving को बारे स्पष्ट नभएको र सम्बन्धित निकायले स्पष्ट पार्नु पर्नेमा जोड दिनु भएको थियो ।

१२. **सभाका निर्णयहरु:**

१. संघका महासचिव राजीव पोखरेलवाट १८ औं वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदन आ.व. ०६९/७० सर्व सम्मतवाट पारित भयो ।

२. संघका कोषाध्यक्ष मनवाहिङ्ग राईले प्रस्तुत गर्नु भएको आ.व. ०६९/७० को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात एवं नाफा नोक्सान हिसाव सभामा पेश हुदा सर्व सम्मतवाट पारित भयो ।

३. आ.व.०७०/७१ को लागि लेखापरीक्षक, एल डी महत, सीएससी एण्ड कम्पनी लाई पून: नियुक्त गर्ने निर्णय गर्दै पारिश्रमिक वापत रु. १५,०००/- (पन्ध्रहजार) दिने निर्णय भयो ।

४. आ.व. ०६८/६९ को वार्षिक साधारण सभामानै संसोधनको लागि प्रेसित संघको विधान २०५२ मा आवस्यक परे थप घट समेत गरी संवन्धित निकायमा स्विकृतीको लागि पेश गरि परिवर्तन गर्ने जिम्मेवारी कार्यसमितिलाई दिइएकोमा सो संपन्न नभएकोले पून: उक्त कार्य संपन्न गर्न संघको कार्यसमितिलाईनै सुम्पने निर्णय समेत सर्व सम्मतवाट भयो ।

५. संघको कार्यालय २०७० भाद्र १ गते देखि जमलवाट कामपा वडा नं.३५ तिनकुनेमा सरेकोलाई सर्व सम्मतवाट समर्थन एवं स्विकृत गर्ने निर्णय भयो ।

१३. **उपाध्यक्ष सरोजकाजी तुलाधरवाट धन्यवाद ज्ञापन :**

ऋण स्विकृत नीति तपाइसंग स्विकृत छ भने त्यो तपाइले निर्वाधरुपमा प्रयोग गर्न पाउनु पर्दछ । नपाएको अवस्थामा संघलाई गुहार्नु पर्दछ । Over Draft ले Business वढ्छ भन्दै उपाध्यक्षले १८ औं वार्षिक साधारण सभामा सहभागी सदस्य वित्तीय संस्थाहरुका कार्यकारी प्रमुख एवं न्यानो आतिथ्यको लागि अतिथि रिसोर्ट एण्ड स्पा लाई समेत धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१४. **सभा समापन:**

अध्यक्ष एवं सभाका सभापति श्री राजेन्द्रमान शाक्यले सहभागी साथीहरुले १८ औं वार्षिक साधारण सभा सम्पन्न गर्न दिएको योगदानको प्रशंसा गर्दै सभा विसर्जनको घोषणा गर्नु भएको थियो ।

(राजीव पोखरेल)
महासचिव

(राजेन्द्रमान शाक्य)
अध्यक्ष